लेखापरीक्षण प्रतिवेदन

तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/165

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

तेमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ललितपुर।

कैफियत सहितको राय

हामीले तेमाल गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ४ लाख १३ हजार र स्वस्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.११ लाख ७० हजार समेत गरी रु.१३ करोड १५ लाख ८३ हजार समावेश गरेको छैन ।

2. गाउँपालिकाको रु.१ अर्ब २६ करोड ११ लाख ५४ हजारको लेखापरीक्षण गरिएकोमा रु.१ करोड ७९ लाख ७३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३८ लाख ४३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.५ लाख ५५ हजार, प्रमाण पेश गर्नुपर्ने रु.१ करोड २४ लाख ४० हजार र नियमित गर्नुपर्ने रु.११ लाख ३४ हजार रहेको छ । गत वर्षसम्म रु.१९ करोड ८२ लाख ४६ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.२५ लाख ७५ हजार सम्परीक्षण गरी फछ्यौंट गरेको र यो वर्षको थप रु.१ करोड ४१ लाख ३० हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२० करोड ९८ लाख २ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, - गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४७	६०	१,७९,७३,८७४	०	२६	३८,४३,१८६	०	४७	३४	१,४१,३०,६८८	५,५५,९४०	११,३४,६१३	१,२४,४०,१३५	०	०	१,३५,७४,७४८	०

अद्यावधिक बेरुजू स्थिति रु.हजारमा

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	१९८२४६	०	२५७५	१९५६७१	०	१४१३०	२०९८०२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	१७.२	ठेक्का ब्यवस्थापन	२४,१२,५३८
२	२०७९/८०	७१.४	स्वास्थ्य तर्फः	१४,०००
३	२०७९/८०	६५.४	शिक्षा तर्फ	१०,२७९
४	२०७९/८०	६४.२	आन्तरिक लेखापरिक्षण बाट देखिएका व्यहोरा	३,००२
५	२०७९/८०	७०	अनुगमन भत्ता	१,३५,१५०
६	२०८०/८१	६३.१, ६३.२	प्रमाण पेश नगरेको	३,८६,५०४
७	२०८०/८१	४३	भरपाई पेश नभएको	१९,७२,६९३
८	२०८०/८१	६०	बैठक भत्ता सम्बन्धमा	३४,४२५

९	२०८०/८१	५८	बढी भुक्तानी	४७,१६९
१०	२०८०/८१	४४	कर बिजक	८,३१,३१०
११	२०८०/८१	६२.२, ६२.३, ६२.५	आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	५,५१,०८५
१२	२०८०/८१	३९	सम्झौता भन्दा बढी भुक्तानी	२०,०००
जम्मा				६४,१८,१५५

नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम

(८०३२६५०३३०० - तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ८९ वर्ग किलोमिटर तथा जनसंख्या २०७८ को जनगणना अनुसार १६,९५७ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।११ देखि २०८१ ।०८।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति

पालिकाको आय – व्ययको रु.१ अर्ब २६ करोड ११ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ आर्थिक विवरण

एकीकृत वित्तीय विवरण २०८०।८१

सि.नं.	आय		सि.नं.	व्यय	
	शीर्षक	रकम		शीर्षक	रकम
१	गत वर्षको जिम्मेवारी	४२६३०८१७.८८	१	जम्मा खर्च/ चालु पँजी	४४४०५७११२
१.१	बैंक मौज्दात	३६४०८१७८.०२	१.१	चालु	२९८३५१४९३
१.२	वर्षको धरौटी आम्दानी	५१६४०९५.११	१.२	पुँजी	१४४०२९१४०
१.३	विविध खर्च खाता	१०५५३४५.३	१.३	धरौटी फिर्ता	१६७६४७९
१.४	प्रकोप व्यवस्थापन कोष	३१९९.४५	२	कोष खर्च	१०१०४३२०
२	राजश्व आम्दानी	१०२३४४०२३.१६	२.१	मर्मत सम्भार कोष	७३२५०
२.१	आन्तरिक आय	१०८८९७०२.८३	२.२	प्रकोप व्यवस्थापन कोष	२६१५६२८
२.२	राजश्व बाँडफाँड प्रदेश सरकार	१७७७१९४७.०४	२.३	विविध खर्च खाता	७४१५४४२
२.३	राजश्व बाँडफाँड संघीय सरकार	६९६६०३७३.२९	३	अन्तर सरकारी वित्तिय हस्तान्तरण खर्च	१३१५८३६१५
२.४	राजश्व बाँडफाँड स्थानीय सरकार	४०२२०००	३.१	सामाजिक सुक्षा तथा संरक्षण	१३०४१३६१५
३	संघीय सरकारबाट प्राप्त अनुदान	३१६३३९०००	३.२	स्वास्थ्य सुधार कार्यक्रम	११७००००
३.१	वित्तीय समानिकरण अनुदान	८४०७२०००			
३.२	सशर्त अनुदान	२१९२६७०००	४	फिर्ता रकम	४५५७५०९२.१२
३.३	समपुरक अनुदान	८००००००	४.१	संघीय सरकार	२३११७१३५.१२
३.४	विशेष अनुदान	५००००००	४.२	प्रदेश सरकार	२२४५७९५७
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	६५८१३०००			
४.१	वित्तीय समानिकरण अनुदान	८६६४०००			
४.२	सशर्त अनुदान	२२१४९०००	५	बैंक मौज्दात	४११४४७३८.५७
४.३	समपुरक अनुदान	२५००००००	५.१	संचित कोष खाता	३००७५४०३.७३

४.४	विशेष अनुदान	१००००००००	५.२	धरौटी मौज्दात	६५०२०७८.११
५	विभिन्न कोष तर्फको आय	१३७५४४२१.९८	५.३	विविध खर्च खाता	३२३५२९३.२८
५.१	मर्मत सम्भार कोष	११४४५७०	५.४	प्रकोप व्यवस्थापन खाता	५६४३५.४५
५.२	विविध खर्च खाता	९५९५३८९.९८	५.५	मर्मत सम्भार खाता/ विविध कोष खाता	१०७१३२०
५.३	धरौटी आम्दानी	३०१४४६२	५.६	आकस्मिक कोष खाता	१८१४०८
६	अन्तर सरकारी वितिय हस्तान्तरण	१३१५८३६१५	५.७	विभाज्य कोष खाता	२२८००
६.१	सामाजिक सुक्षा तथा संरक्षण	१३०४१३६१५			
६.२	स्वास्थ्य सुधार कार्यक्रम	११७००००			
	जम्मा	६७२४६४८७८			६७२४६४८७८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको परीक्षण**

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखांकन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसारको व्यहोरा देखिएको छ :

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,४०,३४,८०८.५०	०	९,४०,३४,८०८.५०	७,०१,४८,३४०.९६	०	७,०१,४८,
१३०००	अनुदान		३३,६६,१३,९०७.८८	०	३३,६६,१३,९०७.८८	३५,५०,३५,६४२.७८	०	३५,५०,३
१४०००	अन्य राजस्व		८८,६३,९६१.७२	०	८८,६३,९६१.७२	१,३४,८७,८७४.२३	०	१,३४,८७,
१५०००	विविध प्राप्ति		१,३५,५००.००	०	१,३५,५००.००	१,५७,२१७.००	०	१,५७,२१
क	कुल जम्मा प्राप्ति		४३,९६,४८,१७८.१०		४३,९६,४८,१७८.१०	४३,८८,२९,०७४.९७		४३,८८,२
३	चालु		३०,१९,२१,४९२.९५	०	३०,१९,२१,४९२.९५	२९,९०,३७,२२५.७०	०	२९,९०,३
२१०००	पारिश्रमिक / सुविधा		२१,५३,२७,९४९.६०	०	२१,५३,२७,९४९.६०	१९,७०,११,७९४.४४	०	१९,७०,१
२२०००	मालसामान तथा सेवाको उपयोग		८,५८,९३,६३३.३५	०	८,५८,९३,६३३.३५	९,५४,६८,६०१.२६	०	९,५४,६८,
२७०००	सामाजिक सुरक्षा		६,९९,९१०.००	०	६,९९,९१०.००	६३,८०,५३०.००	०	६३,८०,५
२८०००	अन्य खर्च		०	०	०	१,७६,३००.००	०	१,७६,३०
४	पूंजीगत		१४,४०,२९,१४०.००	०	१४,४०,२९,१४०.००	१५,७७,०८,१०४.३९	०	१५,७७,०
३१११०	भवन तथा संरचना		१६,३९,१८७.००	०	१६,३९,१८७.००	३७,७७,६८९.००	०	३७,७७,६
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५४,२६,६०२.००	०	५४,२६,६०२.००	२९,७५,७७०.००	०	२९,७५,७
३११३०	अन्य पूँजीगत खर्च		२७,४४,९२३.००	०	२७,४४,९२३.००	४६,२०,०३२.००	०	४६,२०,०
३११५०	सार्वजनिक निर्माण		१३,२७,८९,३१३.००	०	१३,२७,८९,३१३.००	१४,४०,७५,४१२.३९	०	१४,४०,७
३११६०	निर्मितसरचनाको सुधार खर्च		९,२९,१२३.००	०	९,२९,१२३.००	१०,८०,०००.००	०	१०,८०,०
३११७०	पूँजीगत सुधार खर्च		४,९९,९९२.००	०	४,९९,९९२.००	११,७९,२०१.००	०	११,७९,२
ख)	कुल जम्मा भुक्तानी		४४,५९,५०,६३२.९५		४४,५९,५०,६३२.९५	४५,६७,४५,३३०.०९		४५,६७,४

ग)	बचत /कमी (ग = क-ख)		(६३,०२,४५४.८५)		(६३,०२,४५४.८५)	(१,७९,१६,२५५.१२)		(१,७९,१६
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(७५,२०,२४६.०६)		(७५,२०,२४६.०६)	(६५,६६,३५०.३६)		(६५,६६,३
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					(१,३५,४१३.००)		(१,३५,४१
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,३८,२२,७००.९१)		(१,३८,२२,७००.९१)	(२,४४,८२,६०५.४८)		(२,४४,८२
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,२६,३०,८१७.८८		४,२६,३०,८१७.८८	६,७१,१३,४२३.३६		६,७१,१३,
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२,८८,०८,११६.९७		२,८८,०८,११६.९७	४,२६,३०,८१७.८८		४,२६,३०,

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,०४,१३,६१५, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.११,७०,००० समेत गरी रु.१३,१५,८३,६१५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा फरक परेको नदेखिएतापनि यस वर्षको प्राप्तिमा रु.१९०१८५८८२.०४ यस वर्षको भुक्तानीमा रु.१८५३६९५०६.१७ र बैङ्क मौज्दातमा रु.१२३३६६२१.६११ फरक देखिएकोले आर्थिक विवरणले यथार्थ चित्रण गरेको देखिएन । सुत्रको २७०(०१) ले विभिन्न कोषको प्राप्ति, भुक्तानी छुट्टाछुट्टै नदेखाई

फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम देखाएको छैन । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**धरौटी तथा आकस्मिक कोष लगायतका कोषहरुको मौज्दात थपघट**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	४२६३०८१८.८८	-७५२०२४६.०६	४३९६४८१७८.१	४४५९५०६३२.९५	२८८०८११६.९६
एकीकृत आर्थिक विवरणअनुसार	४२६३०८१७.८८	०	६२९८३४०६०.१४	६३१३२०१३९.१२	४११४४७३८.५७
फरक	०	-७५२०२४६.०६	१९०१८५८८२.०४	१८५३६९५०६.१७	१२३३६६२१.६११

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,२६,३७,०१२ मौज्दात रहेकोमा यो वर्ष रु.४,२६,३०,८१७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६,१९४.१२ घटी जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धमा पालिकाले यकिन गरी घटी जिम्मेवारी सारिएको सम्बन्धमा यकिन गरी फरक पर्नाको आधार कारण र प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,१९४

३.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ :

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	३००७५४०३.७३	३००७५४०३.७३	०
चालु खर्च खाता	0	0	०
पुँजीगत खर्च खाता	0	0	०
विविध खर्च खाता	३२३५२९३.२८	३२३५२९३.२८	०
आकस्मिक कोष खाता	१८१४०८	१८१४०८	०
प्रकोप व्यावस्थापन कोष	५६४३५.४५	५६४३५.४५	०
स्थानीय विभाज्य कोष	२२८००	२२८००	०
धरौटी	६५०२०७८.११	६५०२०७८.११	०
ग१.१, आन्तरिक राजस्व खाता	0	0	०
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	0	0	०
स्थानीय तह विविध कोष खाता	१०७१३२०	१०७१३२०	०
बैङ्क	४११४४७३८.५७	४११४४७३८.५७	०

४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तानतरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकारको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ति, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम रु.	खर्च रकम रु.	बाँकी रकम रु.
संघीय सरकार	सशर्त	२१९२६७०००	२०२७२६३९०	१६५४०६१०.१२
	विशेष	५००००००	३४५३१४६	१५४६८५४
	समपुरक	८००००००	३०००३२९	४९९९६७१
प्रदेश सरकार	सशर्त	२२१४९०००	२०९७१४५९	११७७५४१
	विशेष	१००००००००	४५७१०६६	५४२८९३४
	समपुरक	२५००००००	९१८५५१८	१५८१४४८२
	जम्मा	२८९४१६०००	२४३९०७९०८	४५७७५०९२.१२

उल्लिखित विवरण अनुसार पालिकाले समग्रमा रु.२८ करोड ९४ ला १६ हजार अनुदान प्राप्त गरेकोमा रु.२४ करोड ३९ लाख ७ हजार खर्च गरी बाँकी रहेको रु.४ करोड ५७ लाख ७५ हजार सम्बन्धित निकायमा मिति २०८१।०३।२७ मा फिर्ता गरेको देखिन्छ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तीको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,
- तोकिए बमोजिम जिन्सी निरीक्षण नगरेको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिताको पालना नगरेको,
- प्रत्येक कर्मचारीको पदको कार्यविवरण लागू नगरेको,
- भ्रमण अभिलेख खाता आंशिक रुपमा राख्ने गरेको, भ्रमण प्रतिवेदन लिने गरेको नदेखिएको,
- सवारी लगबुक पूर्ण रुपमा लागू नगरेको,
- सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न नगरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले खर्चको विवरण तयार गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरेको ।

अत : आन्तरिक नियन्त्रण प्रणाली तर्जूमा तथा लागु गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ **बजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जूमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जूमा एवं सोको पालना एवं कार्यान्वयन ऐनमा भएको व्यवस्था बमोजिम तोकिएको समयावधि भित्र गर्नुपर्दछ ।

७ बजेट तथा कार्यक्रम तर्जूमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जूमा गर्दा ऐनमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।

८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०/०३/१० गते मा रु.५५ करोड २६ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०३/२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

९ खर्चको विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१,०८,८९,७०२ राजस्व बाँडफाँडबाट रु.९,१४,३२,३२० र अनुदानबाट रु.३८,२१,५२,००० समेत रु.४८,४४,७४,०२२ आम्दानी भएकोमा चालु तर्फ रु.३०,१९,२१,४९२ र पूँजीगत तर्फ रु.१४,४०,२९,१४० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६७,२०,००० खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट करिव ६८ प्रतिशत चालु र ३२ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० झोलुंगे पुल क्षेत्रगत कार्यक्रम

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित Trail Bridge Sector Wide Approach Framework-III को बुँदा नं ७.४ मा झोलुंगे पुल निर्माण कार्यक्रमका लागि कुल खर्चमा संघीय सरकारको ८५ प्रतिशत, पालिकाको १३ प्रतिशत र उपभोक्ता समितिको २ प्रतिशत रकम बराबरको साझेदारी रहनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा तेमाल गाउँपालिका वडा नं १ र पाँचखाल नगरपालिका वडा नं-८ जोड्ने झिगु खोला झोलुंगे पुल दिगो विकासका लागि नागरिक मञ्च(सिविक फोरम) नामक गैर-सरकारी संस्थासँग सम्झौता गरी निर्माण कार्य गराई रु.१०,४४,१०२.५२ भुक्तानी गरेको छ । मन्त्रालयद्धारा प्रकाशित निर्देशिकाको बुँदा नं ७.४ मा भएको उल्लिखित प्रावधान बमोजिम कुल खर्च मध्ये १३ प्रतिशतले हुने साझेदारी रकम रु.१,३५,७३३ पालिकाको

कोषबाट व्यहोर्नुपर्नेमा सो रकम संघीय बजेटबाट नै भएको पाईयो । पालिकाले देहाय बमोजिमको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

क्र सं	योजनाको विवरण	कुल लागत अनुमान रु.	कुल खर्च रु.	पालिकाको १३ प्रतिशतले हुने सहभागिता रकम रु.
१	झिगुखोला झोलुंगे पुल	३७,२५,५६१.२०	१०,४४,१००.५२	१३५,७३३
जम्मा रु				१,३५,७३३

प्रमाण पेश नगरेको	१,३५,७३३

११ समपुरक अनुदान

संघीय समपुरक अनुदान सम्बन्धी (तेश्रो संशोधन) कार्यविधि, २०७७ को दफा (६) को उपदफा (१) तथा बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा (४) अनुसार समपुरक अनुदानमा सञ्चालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तीमा ५० प्रतिशत रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख रहेको छ । पालिकाले तपशिल बमोजिमका २ आयोजनाहरुको यस वर्षको खर्च रु.८०,०३,७३८ भुक्तानी गरेकोमा कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम कुल खर्च मध्ये कम्तिमा ५० प्रतिशतले हुने रु.४०,०१,८६९ स्थानीय समपुरक कोषबाट भुक्तानी हुनुपर्नेमा सो अनुसार नभई शत प्रतिशत भुक्तानी प्रदेश सञ्चित कोषबाट भएको देखिएकोले स्थानीय समपुरक कोष तर्फबाट रु.४०,०१,८६९ भुक्तानी गर्नुपर्नेमा गरेको नदेखिएकोले देहाय बमोजिमको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

क्र सं	आयोजनाको विवरण	कुल लागत अनुमान रु.	कुल खर्च रु.	पालिकाले व्यहोर्नुपर्ने रु.	पालिकाले व्यहोरेको रु.	आयोजनाको अवस्था
१	पचुवारघाट-सरमथली-चैथली- कुडुवाल-चेप्टेढुंगा-पोखरी नारायणस्थान सडक तेमाल वडा नं ३, ४ र ५ (प्रदेश समपुरक)	९९,९६,५३३.०६	४१,२१,५३६	२०,६०,७६८	०	अधुरो
२	गिम्दीबेसी रोसाईवा ठूलोपर्सेल बसपार्क सडक स्तरोन्नती वडा नं ५, ६ र ७ (प्रदेश समपुरक)	१,६८,६७,९४०.९७	३८,८२,२०२	१९,४१,१०१	०	अधुरो
जम्मा रु.				४०,०१,८६९		

प्रमाण पेश नगरेको	४०,०१,८६९

१२ तलबी प्रतिवेदन

बागमती प्रदेश (स्थानीय सेवा गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) मा स्थानीय सेवाका कर्मचारीहरुको प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका २२ जना कर्मचारीहरुको रु.१,२८,८७,१६० र पालिकातर्फका १५ जना कर्मचारीहरुको रु.९९,४२,००० गरी कुल रु.२,२८,२९,१६० खर्च लेखेको छ । पालिकाले तलबी प्रतिवेदन पारित नगराई खर्च भएको रकम सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ, ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ ।

१३ कर्मचारी दरबन्दी र पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको यस आर्थिक वर्षको दरबन्दी तथा पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

क्र.सं.	पद	तह	सेवा	समूह	स्वीकृत दरबन्दी	पदपूर्ती भएको पद संख्या	करार	रिक्त पद संख्या	अन्य सेवा	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	७ औं	प्रशासन	सा.प्र.	१	१	०	०		
२	अधिकृत	७/८ औं	शिक्षा	शि.प्र.	१	०	०	१		
३	अधिकृत	७/८ औं	प्रशासन	लेखा	१	१	०	०		
४	इन्जिनियर	७/८ औं	इन्जि	सिभिल	१	०	०	१		
५	अधिकृत	7 औं	प्रशासन	सा.प्र.	२	१	०	१		प्रदेश लोकसेवामा माग गरिएको
६	आन्तरीक लेखापरिक्षक	५ औं	प्रशासन	लेखा	१	१	०	०		
७	सहायक	५ औं	प्रशासन	सा.प्र.	४	०	०	४		प्रदेश लोकसेवामा माग गरिएको
८	हे.अ.	५/६ औ	स्वास्थ्य	हे.ई	१	१	०	०		
९	कम्प्युटर अपरेटर	५ औं	विविध	विविध	१	०	०	१		
१०	लेखा सहायक	५ औं	प्रशासन	लेखा	१	१	०	०		प्रदेश लोकसेवामा माग गरिएको
११	प्रा.स.	५ औं	शिक्षा	शि.प्र.	१	१	०	०		
१२	सब-इन्जिनियर	५ औं	सिभिल	सिभिल	१	०	०	१		
१३	अ.सब-इन्जिनियर	चौथो	इन्जि	सभिल	१	०	०	१		
१४	खा.पा.स.टे.	चौथो/ पाँचौं	इन्जि	सिभिल	१	०	०	१		प्रदेश लोकसेवामा माग गरिएको
१५	स.महिला विकास निरिक्षण	चौथो	विविध		१	१	०	०		
			जम्मा		१९	८		११		
वडा कार्यालय (९ वडा)										
१६	सहायक	५ औं	प्रशासन	सा.प्र.	४	१	०	३		प्रदेश लोकसेवामा माग गरिएको
१७	सब-इन्जिनियर	५ औं	इन्जि	सिभिल	४	०	१	३		प्रदेश लोकसेवामा माग गरिएको
१८	सहायक	चौथो	प्रशासन	सा.प्र.	५	१	१	३		कामकाजका लागि सरुवा

१९	अ.सब-इन्जिनियर	चौथो	इन्जि	सिभिल	५	३	२	०		
	वडा कार्यालय तर्फ जम्मा				१८	५	४	९		
नेपाल कृषि सेवा (पशु)										
क्र.सं.	पद	तह	सेवा	समूह	उपसमुह	स्वीकृत दरबन्दी		पदपूर्ती भएको	रित्त दरबन्दी	कैफियत
१	अधिकृत	८ औं	कृषि	नेपाल कृषि (भेट)		१		0	१	
२	सहायक	५ औ	कृषि	नेपाल कृषि (भेट)	प.स्वा.प्रा.	१		१	०	
३	सहायक	५ औ	कृषि	नेपाल कृषि (लापोडेडे)	प.से.प्रा	१		१	०	
४	सहायक	चौथो	कृषि	नेपाल कृषि (भेट)	ना.प.स्वा.प्रा.	१		०	१	
५	सहायक	चौथो	कृषि	नेपाल कृषि (लापोडेडे)	ना.प.से.प्रा	१		१	०	
					जम्मा	५		३	२	
नेपाल कृषि सेवा										
क्र.सं.	पद	तह	सेवा	समूह	उपसमुह	स्वीकृत दरबन्दी		पदपूर्ती भएको	रित्त दरबन्दी	कैफियत
१	अधिकृत	७/८ औं	कृषि	नेपाल कृषि		१		०	१	
२	सहायक	५ औ	कृषि	नेपाल कृषि	प्रा.स	२		१	१	प्रदेश लोकसेवामा माग गरिएको
३	सहायक	चौथो	कृषि	नेपाल कृषि	ना.प्रा.स.	१		१	०	
					जम्मा	४		२	२	
अन्य दरबन्दी का कर्मचारीहरु										
क्र.सं.	पद	तह	सेवा	समूह	उपसमुह	स्वीकृत दरबन्दी	करारमा पदपूर्ती भएको		रित्त दरबन्दी	कैफियत
१	सूचना प्रविधि अधिकृत	छैठौं	विविध	विविध		१	१		0	
२	रोजगार संयोजक	छैठौं				१	१		0	
३	रोजगार प्राविधिक	पाँचौं				१	१		0	
४	रोजगार सहायक	पाँचौं				१	१		0	
५	न्यायिक सहजकर्ता	पाँचौं				१	१		0	
									0	

६	उद्यम विकास	चौथो				१	१		

दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको देखिन्छ । तसर्थ, रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४ **करारमा जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहबाट स्रोत व्यवस्थापन गरिने पदमा करारमा जनशक्ति व्यवस्थापन गर्दा प्रमुख प्रशाकीय अधिकृतबाट नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकामा रहेको सर्वोद्धार माध्यामिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षद्धारा निम्नमाध्यामिक तृतीय तहमा मासिक रु.३५,००० सेवा सुविधा उपलब्ध गराउने गरी श्री कमला लामालाई र प्राथामिक तृतीय तहमा मासिक रु.३०,००० सेवा सुविधा उपलब्ध गराउने गरी श्री अनुका तामाङ्गलाई मिति २०८०।०४।०१ मा नियूक्ती गरी तलब भत्ता उपलब्ध गराउनको लागि पालिकामा पठाएको छ । कर्मचारी तथा जनशक्ति व्यवस्थापन गर्दा सम्बन्धित निकायको प्रमुखबाट आवश्यकताको आधारमा पालिकाको स्रोत साधनले भुक्तानी गर्न मिल्ने गरी नियुक्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक कार्य तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था रहेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र कारबाहीको अवस्था देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	कारबाही भएका विवाद	कारबाही हुन बाँकी विवाद
२	४	६	०	६

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ व २०८०।८१ मा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा कुनै पनि विवाद कारबाही नभई ६ वटा नै बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले हालसम्म कुल ३१ वटा ऐन, नीति नियम एवम् कार्यविधि र नियमावलीको निर्माण गरेको देखिन्छ ।

क्र.सं	**विवरण**	**संख्या**
१.	ऐन	१०
२.	कार्यविधि	१५
३.	निर्देशिका/ आचारसंहिता	१
४.	नीति/ मापदण्ड	१
५.	नियमावली	३
६.	विधेयक	१
	जम्मा	३१

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जूमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार गरी बाढी पहिरो पिडित, आगलागीबाट क्षति, घर क्षति भएकालाई रु १० हजार देखि अधिकतम रु.३२ हजारसम्म ९ जनाको लागि रु.२,५७,४८० र मस्तिष्क पक्षघात, मुटुरोगी लगायत औषधी उपचार बापत विभिन्न ३३ व्यक्ति तथा सामाजिक संघसंस्थाहरुलाई रु. ५ हजार देखि रु. १ लाख २० हजार सम्म रु.१२,४०,००० समेत रु.१४,९७,४८० आर्थिक सहायता वितरण गरेको देखियो । रु. २५ हजार सम्म पालिका प्रमुखको तोक आदेशको आधारमा र सो भन्दा बढी भएमा कार्यपालिकाको निर्णयको आधारमा दिने गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु.१,०८,८९,७०२ को १३.७५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर बजेट व्यवस्था गरी आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा सुधार गर्नुपर्दछ ।

१८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यतताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा खाना, खाजा तथा विविधमा रु.१८,००,००० खर्च गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु.१०८८९७२० को १६.५३ प्रतिशत हुन आउँछ । औचित्य र आधार पुष्ट्याईँ हुने प्रमाण संलग्न गरेर खर्च गर्नुपर्दछ ।

१९ **मर्मत अभिलेख किताब**

तीनै तहका निकायहरुका लागि लागू हुने गरी आफ्नो आर्थिक कारोबारको प्रकृति अनुसार आर्थिक प्रशासनको चक्रमा समावेश हुने आधारभूत पक्षहरुलाई सामावेश गरी समग्र लेखा ढाँचाका नयाँ सरकारी लेखा फारामहरु(म.ले.प फारामहरु) स्वीकृत गरेको छ । जसमध्ये पूँजीगत, सार्वजनिक सम्पत्ति मर्मत, सम्भार र संरक्षण आवेदन म.ले.प.फा.नं ४१४ र मर्मत सम्भार तथा संरक्षण अभिलेखको लागि म.ले.प.फा.नं ४१५ मा तोकिएको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सवारीसाधन र ब्याक लोडर मर्मतमा रु.२६४५०००/- खर्च लेखेकोमा स्वीकृत ढाँचा अनुसार अभिलेख राखेको छैन । मर्मत कार्य गर्नुअघि सामानको विवरण, पहिचान नं, अनुमानित मर्मत लागत, मर्मत गर्नुपर्ने कारण, वारेन्टी अवधि भए नभएको, अगाडि मर्मत गराएको पटक र त्यसमा लागेको रकम, यस अघि मर्मत गरेको अवधि लगायत विवरण सम्बन्धित शाखा प्रमुख र प्राविधिकको सिफारिसको आधारमा आवेदन फाराम नं ४१४ स्वीकृत गर्नुपर्नेमा गरेको छैन । आवेदन फाराम स्वीकृत पश्चात मर्मत गर्दा फेरिएको सामानको विवरण र मूल्य, जम्मा लागत खुल्ने गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख म.ले.प.फा.नं ४१५ राख्नुपर्नेमा सो समेत राखेको छैन । रीतपूर्वकको आवेदन फाराम र अभिलेख नराखेको कारण गरिएको मर्मत कार्य र सोमा भएको खर्चलाई तुलनात्मक विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचा बमोजिम अभिलेख राखी पूँजीगत, सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी सम्पत्तिको सञ्चालन र संरक्षण गर्ने गराउने कार्य गर्नुपर्दछ ।

२० **शिक्षा तर्फ**

२०.१ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालय संख्या	शिक्षक दरबन्दी	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये करार	पदपूर्ति मध्ये राहत	विद्यार्थी संख्या
३९	२३९	१०६	३९	८९	२९८६

उल्लिखित विवरण अनुसार पालिकामा जम्मा २३९ शिक्षकको दरबन्दी रहेकोमा १०६ जना स्थायी पदपूर्ती र १२८ जना राहत/करारमा नियुक्त गरी जम्मा २३४ शिक्षकको पदपूर्ति गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्दछ ।

२०.२

शिक्षक विद्यार्थी अनुपात - संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
३९	२३४	२९८६	१:१३

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ३९ वटा विद्यालयमा २३४ जना शिक्षक र २,९८६ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ ।

२०.३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** – पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१३ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान र विद्यालय मर्जरको कार्य नगर्दा प्रति विद्यार्थी बढ्ने हुँदा विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

२१ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२१४८८६५०	१९४७६५४९	४.३६
२	पूर्वाधार विकास	१८०५२५८२७	१२३०५८१४०	२७.५९
३	सामाजिक विकास	२६७७०३८०४	२४१५०८६६१	५४.१५
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३०६२०००	२९५४६४६	०.६६
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	७९९०३४५२	५९६४४८२३	१३.३७
जम्मा		५५२६८३७३४	४४५९५०६३२	१००

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी ५४.१५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटी ०.६६ प्रतिशत खर्च रहेको देखिन्छ । तसर्थ, पालिकाले आवश्यकताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

२३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च विवरण				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	१४४०२९१४०	८०३४५१९	६५९६१६	४००८७१५०	९७२४७८५५	५११९३४३५
प्रतिशत	१००	५.५७	०.४५	२७.८३	६७.५	३५.५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४,४०,२९,१४० खर्च निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८०,३४,५१९ (५.५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६,५९,६१६ (०.४५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.४,००,८७,१५० (२७.८३ प्रतिशत) खर्च गरेको देखिएको छ साथै चौथो त्रेमासिकमा रु.९,७२,४७,८५५ (६७.५ प्रतिशत) र असार महिनामा मात्र रु.५,११,९३,४३५ (३५.५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२४ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अत : स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५ ठेक्का प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष खुला बोलपत्रको माध्यामबाट सञ्चालन गरेका योजनाको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	योजनाको नाम	प्रतिस्पर्धीको संख्या	लागत अनुमान (VAT बाहेक)	कबुल रकम (VAT बाहेक)	घटी प्रतिशत	ठेक्का परेको बोलपत्र दाता
1	Bohoredovan-Aadhabat-Dadhagaun-Rosaiba Road Upgrading at ward 1 & 2	12	14,247,810.25	7,381,343.38	47.01	Sujal and Simon Construction Pvt.Ltd
2	Rosaiba-Dadhagaun-Aadhabat-Bohoredovan Road Upgrading works at ward 4 & 5	15	17,808,136.75	8,932,774.78	48.72	Sujal and Simon Construction Pvt.Ltd
3	Pachuwarghat-Samthali-Chaitthali-Kudwal-Chheptadhunga-Pokhari Narayansthan Road Upgrading work at ward 3	8	8,903,584.94	4,785,171.58	44.98	Sujal and Simon Construction Pvt.Ltd
4	Jambutapu-Mainajang-Gairigaun-Khatrigaun-Mechhepauwa Road Upgrading at ward 9	6	4,453,935.76	24,59,331.47	43.64	Siddhartha Nirman Sewa
6	Gimdibesi-Rosaiba-Thuloparsel Buspark Road Upgrading work at ward 5 & 6	6	17,802,658.61	9,001,126.01	48.18	Bajrabhairab Construvtion and Suppliers Pvt.Ltd
7	Mangalta-kaldhar-Metwal-Kuruwa-Chapakhori-Dhulku Road Upgrading at Ward 7	4	4,455,467.25	2,612,260	40.22	Popular Constrution and Suppliers
8	Mamti-Tekanpur-Mechhe-Ward Karayalaya-Bhorjan-Puyura Danda Road Upgrading works at ward 8	3	4,454,968.06	2,575,849.21	40.93	Kalika Nirman Sewa
9	Bhumeshwor Aadharbhut Bidhalaya at ward 7	4	7,972,283.24	5,372,594.79	30.55	Shanvi Engineering and Construction Pvt.Ltd
10	Construction of Patlemsthan Lifting water Tank at Ward 2	1	4188920.283	3,279,834.01	18.5	Mahabharat Nirman Sewa

उल्लिखित विवरण अनुसार ठेक्का बन्दोबस्त गर्दा सबैभन्दा बढी रोसाईबा डाँडागाउँ बोहरेदोभान सडक स्तरोन्नती कार्यमा लागत अनुमानको तुलनामा ४८.७२ प्रतिशत घटीमा सम्झौता भएको छ भने सबैभन्दा कम पात्लेस्थान लिफ्टीङ्ग खानेपानी ट्यांकी निर्माण कार्यमा लागत अनुमानको तुलनामा १८.५ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ । खुल्ला बोलपत्रको माध्यमबाट कार्य गर्दा प्रतिस्पर्धाको स्थिति र निर्माण कार्यको गुणस्तर कायम हुने गरी ठेक्का व्यवस्था हुनुपर्दछ ।

२६ **ठेक्का बन्दोबस्त**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ । (रु. हजारमा)

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता										यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
पूँजीगत	१०	४३९४०	०	०	०	०	६	२१२०८	४	२२७३२	५	

उल्लिखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु.४ करोड ३९ लाख ४० हजार लागतको १० वटा ठेक्का बन्दोबस्त गरेकोमा तेश्रो त्रैमासिकमा ६ वटा र चौथो त्रैमासिकमा ४ वटा ठेक्का व्यवस्थापन सम्बन्धी कार्य गरेको देखिन्छ । यस वर्ष सम्झौता भएका मध्ये ५ वटा ठेक्का मात्र यो वर्ष सम्पन्न भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्ततिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने र ठेक्का सम्पन्न गर्न कठिनाई हुने, गुणस्तर कायम गर्न समेत कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको अवधिभित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

२७ **निर्माण कार्य व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम रु.	संख्या	रकम रु.
१९५	१०	६,२५,८७,१६३	१८५	८,१४,४१,९७७

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १९५ योजना मध्ये ठेक्का मार्फत १० वटा योजनामा रु.६ करोड २५ लाख ८७ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १८५ योजनामा रु.८ करोड १४ लाख ४१ हजार खर्च गरेको छ । अर्थात पालिकाले यस वर्ष सञ्चालन गरेका १९५ योजना मध्ये ५.१२ प्रतिशत योजना ठेक्का प्रकृया मार्फत र ९४.८८ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्छ ।

२८ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यालयले अनुसूची २ मा तोकिएको ढाँचामा कार्यालयको लक्ष्य प्रगति तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई तोकिए बमोजिम लक्ष्य प्रगति हासिल गर्ने तर्फ पहल गर्नुपर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५% सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३६०	६	३	५	३४६

२९ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही १२(२) बमोजिम तोकिएको आधार लिई गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम विभिन्न ८ कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीको परामर्श सेवाको लागि रु.२७,००,००० को लागत अनुमान तयार गरी यो वर्ष रु.२६,४७,२०१ खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन ।

सि नं	योजनाको नाम	परामर्शदाता	लागत अनुमान (भ्याट बाहेक)	कबोल रकम (भ्याट बाहेक)	घटी प्रतिशत
1	कोट तेमाल लौखानी छापडाडा याङ्वेल खोला तेमाल गापा जोड्ने सडक डिपिआर	मेन स्ट्रिम कन्सलटेन्ट एण्ड कम्पनी प्रा.ली.	४०००००	३९४५२९	१.३६
2	डाँडाँगाउँ सौर डाँडाँ पार्थुम चुखावेशी सडक डिपिआर	टर्वोटेक ईन्जिनियरिङ सोलुसन प्रा.ली.	३५००००	३४४०८५	१.६९
3	वोक्से दोभान आधाबाट सिरानटोल लिफ्टिङ सिचाई डि.पि.आर.	इरभिन कन्सल्ट प्रा.लि.	५०००००	४८१८३७	३.६३
4	टासी छोईलिङ कुईरी साङवुङ गुम्बा डिपिआर	शैलुङ कन्सल्ट एण्ड मल्टिप्रपोज कम्पनी प्रा.ली.	३०००००	२९६०६०	१.३१
5	सिमखोला कल्लेरीपाखा काफलबोट चुखा पधेरोटोल ढडेनपाखा डाडागाउँ विमिरे सडक डिपिआर	भुगोल टेक एण्ड डिजाईन सोलुसन प्रा.ली.	३५००००	३४३५२०	२.१६
6	कल्धार टासि दर्गेलिङ गुम्बा डिपिआर	ईन्जिनियरिङ एण्ड एजुकेशनल सर्भिसेज	२०००००	१९७१५०	१.४२
7	मेच्छे स्वास्थ्य चौकी भवन डिपिआर	पञ्चदेवल कन्सट्रकसन प्रा.ली.	३०००००	२९४५२०	१.८२
8	कालढुङ्गा ल्होङ्साल लेक भन्ज्याङ सडक डिपिआर	फेडरल इन्जिनियरिङ	३०००००	२९५५००	१.५०
जम्मा			२७,००,०००	२६,४७,२०१	

उल्लिखित विवरण अनुसार कार्यालयले विभिन्न ८ वटा आयोजनाको लागि डि पि आर तयार गरेकोमा मेच्छे स्वास्थ्य चौकी भवन निर्माण र कालढुङ्गा ल्होङ्साल लेक भन्ज्याङ सडक निर्माण योजना कार्यान्वयनमा गएको देखिएन । कार्यालयले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धा सीमित नहुने गरी परामर्श सेवा खरिद कार्य गर्नुपर्नेमा गरेको देखिएन । बजेटको आधारमा लागत अनुमान तयार गरेको देखिन्छ भने प्राप्त प्रतिवेदनहरु अभिलेखको रुपमा PAMS मा दाखिला गर्नुपर्नेमा अभिलेखांकन भएको देखिएन । लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेखित व्यवस्था अनुसार लागत अनुमानको आधार लिएको छैन । अतः नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

३० **योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छः

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमको योजना	२	१०५८२३
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	९८	१७४६५४५७
३	रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	५२	१९८४९३१४
४	रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	२१	१२९२१३८३
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	१०	२०१०००००
६	रू.२५ लाख भन्दा माथिका योजना	१२	७३५८७१६३
जम्मा		१९५	१४४०२९१४०

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा कुल १९५ वटा आयोजनामा रु.१४ करोड ४० लाख २९ हजार बजेट खर्च गरेको छ । बजेट खर्च मध्ये सानातिना योजना बढी सञ्चालन गरेको छ । कुल योजना मध्ये रु.१० लाख भन्दा कम लागतका १७३ वटा योजना रु.५ करोड ३ लाख ४१ हजार बजेट खर्च गरेको छ । साना तथा टुक्रे योजनाहरुको संख्या कुल योजना संख्याको ८८.७१ प्रतिशत हुन आउछ । तसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, प्रशासनिक खर्च बढ्ने पर्याप्त अनुगमन हुन नसकी निर्माण कार्यमा गुणस्तर कायम गर्न कठिनाई हुने र साना तथा वितरणमूखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गर्नुपर्दछ ।

३१ **खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४४०२९१४० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जूमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३३ **सहकारी तर्फ**

३३.१ **सहकारी कानून निर्माण** – नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्स्था छ । त्यसैगरी संविधानको अनुसूची – ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तेमाल गाउँपालिका सहकारी ऐन, २०७६ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

३३.२ **सहकारी संस्थाको विवरण** – तेमाल गाउँपालिका सहकारी ऐन, २०७६ अनुसार सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी रु.	ऋण लगानी रु.
वचत तथा ऋण सहकारी संस्था लि.	५	८०८	४५३२९००	३२०३९९७९
बहुउदेश्यीय सहकारी संस्था लि.	५	२९९	७०६५४६२	१६२८७२८५
कृषि सहकारी संस्था लि.	१७	९७१	२१४३९२५०	४०६०२८८४
अन्य	१	४८१९	१६८१६०००	१७८५८४०
जम्मा	**२८**	**६८९७**	**४९८५३६१२**	**९०७१५९८८**

उल्लेखित विवरण अनुसार पालिकामा २८ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन भने ती सहकारी संस्थामा ६८९७ जना शेयर सदस्य रहेका छन । २८ वटा सहकारी संस्थाको शेयर पूँजी रु.४,९८,५३,६१२ र ऋण लगानी रु.९,०७,१५,९८८ रहेको छ भने बचत रकम र जगेडा कोषको विवरण पालिकाले उपलब्ध गराउन सकेन । पालिकाको सहकारी ऐन, २०७६ मा उल्लेख भए अनुसार सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिएको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकिय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउनु पर्दछ ।

३३.३ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३४ उपभोक्ता समिति परिचालन

पालिकाले यस वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.१४,४०,२९,१४० खर्च गरेको छ । उक्त योजना मध्ये १० वटा कार्य बोलपत्रद्धारा गरेको छ भने १८५ वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु.८,१४,४१,९७७ भुक्तानी गरेको छ । यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन् :

(क) उपभोक्ता समिति दर्ता - पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउने प्रयोजनको लागि उपभोक्ता समिति दर्ता गर्ने र सोको अभिलेख राख्ने कार्यविधि तयार गरी लागू गरेको छैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेकोमा ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाईएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भार कार्यमा जिम्मेवार बनाउन कठिनाई हुने भएकाले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन ।समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

(ग) हेभि-ईक्विपमेन्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाईएन ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ । यस्ता कार्यहरु व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको प्रतिस्पर्धात्मक विधि मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाईएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाईएकोले निर्मित आयोजनाहरुको सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

३५ स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका निर्माण व्यवसायीलाई स्वीकृत दर भन्दा बढीको लागत अनुमान तयार गरी बढी दरमा भुक्तानी गरेको देखिन्छ । पालिकाको स्वीकृत दररेट अनुसार सडक निर्माणमा नरम प्रकारको माटो कटिङ्गमा रु.६८.०८ र पहिरो व्यवस्थापनमा रु.४८ का दरले भुक्तानी गर्नुपर्नेमा स्वीकृत दरभन्दा बढीको लागत अनुमान तयार गरी बढी दरमा भुक्तानी गरेको देखिन्छ । भुक्तानी गर्नुपर्ने भन्दा बढी दरमा भुक्तानी गरेको रु.५७,८५२.६१ सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

भौ नं मिति	निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम	योजनाको नाम	लागत अनुमान रु.	भुक्तानी दर रु.	कार्य परिमाण	बढी दर रु.	बढी भुक्तानी रु.
२६- ०८०।८।१३	न्यू फूलबारी निर्माण सेवा	सिमलचौर खेलमैदान निर्माण	७०.५३	६९.८	३८२५.०६ घनमिटर	२.४५	९३७१.३९
२९- ०८०।१०।०३	कुशेश्वर डि.बि. कन्स्ट्रक्सन	पहिरो व्यवस्थापन कार्य	५२.६५	५२.६५	४८५२.५० घनमिटर	४.६५	२२५६४.१२
३३- ०८०।१०।०३	भुपालेश्वर महादेव कन्स्ट्रक्सन	वडा नं ६ पहिरो व्यवस्थापन	५५.३९	५५.३७	३५०७.०५ घनमिटर	७.३९	२५९१७.१
जम्मा							५७८५२.६१

असुल गर्नुपर्ने	५७,८५२

३६ **बिज्ञापन खर्च**

विज्ञापन संकलन प्रकाशन एवं विज्ञापन एजेन्सी निर्देशिका, २०५३ को बुदा नं १०(२) क बमोजिम विज्ञापन प्रकाशन गरे वापत २५ प्रतिशत छुट सुविधा सरकारी कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायका मिडिया प्रा.लि लाई विज्ञापन प्रकाशन गर्न सूचना दिए बापत निर्देशिकामा भएको व्यवस्था अनुसार २५ प्रतिशत छुट सुविधा नलिई १५ प्रतिशत मात्र सुविधा लिएको देखिन्छ । निर्देशिकामा भएको व्यवस्थाको पालना नगरी बढी भुक्तानी गरेको रु.६३,२७९ असुल गर्नुपर्ने रु.

भौ नं मिति	पत्रिकाको नाम	जम्मा रकम	१५ प्रतिशत छुट	२५ प्रतिशत छुट दिनुपर्ने	भुक्तानी गरेको रकम	भुक्तानी गर्नुपर्ने रकम	बढी भुक्तानी
८१- ०८१।१।३०	सनमुन मिडिया प्रा.लि.	७२८००	१०९२०	१८२००	६९९२४	६१६९८	८२२६
१२७- ०८०।१२।२०	होप मिडिया सोलुसन	१५९६००	२३९४०	३९९००	१५३२९६	१३५२६१	१८०३५
		१७६४००	२६४६०	४४१००	१६९४३२	१४९४९९	१९९३३
		१५१२००	२२६८०	३७८००	१४५२२७	१२८१४२	१७०८५
जम्मा							**६३२७९**

असुल गर्नुपर्ने	६३,२७९

३७ **गिम्दी बेशी खानेपानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार अन्तिम विल भुक्तानी गर्दा सम्पन्न भएको निर्माण कार्यको यथार्थ नापँजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गिम्दी बेशी खानेपानी उपभोक्ता समितिलाई खानेपानी पाइपलाइनको काम गरेकोमा रु.३,८४,००० भुक्तानी गरेको छ । उक्त योजनामा प्रयोग गरेको २० एम एम पाइप गणपति सेनेटरी एण्ड सप्लायर्स (६०९३०३४३४) बाट १८०० मिटर रु.३३ का दरले खरिद गरेकोमा पाइप लाइन खन्नेपुर्ने कार्यमा १८०० मिटर लम्बाई, ०.३० मिटर चौडाई र ०.४० मिटर उचाईको २१७ घनमिटरको प्रतिघनमिटर रु.६०५.६४ का दरले रु.१३७८१४.५९ भुक्तानी गरेको छ । उक्त योजनामा प्राविधिकले संलग्न फाँटवारीमा राखेको फोटोमा एउटै कुलोमा २० एम एम को ७ वटा पाइप सँगै राखेर खन्नेपूर्ने गरेको देखिन्छ । १८०० मिटर पाइप खरिद गरेकोमा एउटै कुलोमा ७ वटा पाइप सँगै राखेर खन्नेपूर्ने काम गर्दा १८०० मिटर लम्बाई नहुने देखिन्छ । यसर्थ पालिकाले उक्त योजनामा पाइप एउटै कुलोमा ७ वटा राख्दा समेत कुलोको लम्बाई बढाएर भुक्तानी गरेको खन्नेपूर्नेको रकम छानविन गरी असुल गर्नुपर्दछ ।

३८ **फरक दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका उपभोक्ता समितिलाई देहायको निर्माण कार्य गर्दा स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । तसर्थ पालिकाले स्वीकृत गरेको दर भन्दा फरक दरमा बढी भुक्तानी गरेको रु.४६,८५३.५२ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

भौ नं मिति	**योजना/उपभोक्ता समितिको नाम**	**निर्माण कार्य**	**कार्य परिमाण (घनमिटरमा)**	**स्वीकृत दर**	**भुक्तानी दर**	**बढी भुक्तानी**
५०- ०८०।१०।१८	पिपलचौतारा आम्दोङ्टोल चक्रपथ सडक जोड्ने गोरेटो बाटो निर्माण उपभोक्ता समिति	PCC 1:2:4	१५.३९	११९४४.३	१३७२०.४	२७३३४.१८
६७- २०८०।११।०९	मच्छेचक्रपथ देखि ठुलो पधेरी सिढी निर्माण तथा रेलिङ्ग निर्माण उपभोक्ता समिति	PCC 1:2:4	१०.९९	११९४४.३	१३७२०.४	१९५१९.३४
जम्मा						**४६८५३.५२**

असुल गर्नुपर्ने	४६,८५३

३९ **सम्झौता भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **लागत अनुमान भन्दा बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका जोड्ने माथिल्लो सडक सोलिङ्ग अधुरो उपभोक्ता समितिसँग Providing and laying of hand pack soling 150 to 200 mm को लागत अनुमान तयार गर्दा प्रतिघनमिटरको रु.२७०० का दरले भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा भुक्तानी गर्दा प्रति घनमिटर रु.३१०५ का दरले भुक्तानी गरेको छ । Stone soling १९९.२४ घनमिटरको रु.२७०० का दरले भुक्तानी नगरी रु.३१०५ का दरले भुक्तानी गर्दा रु.७०४२५.४५ बढी भुक्तानी भएको छ । सो उपभोक्ता समितिबाट लागत अनुमानमा र सम्झौतामा भन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७०,४२५

४१ **महंगी भत्ता**

करार सम्झौताद्वारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ को परिपत्रअनुसार करारका कर्मचारीलाई महंगी भत्ता दिने व्यवस्था नरहेको उल्लेख छ । पालिकाले स्वास्थ्यतर्फका दरबन्दी भित्रका करारका कर्मचारीलाई महंगी भत्ताबापत यस आ.व.मा रु.४,९७,२०० संघीय सशर्त अनुदानबाट खर्च लेखेको साथै पालिका अनुदानबाट नियुक्त स्वास्थ्यतर्फका करारका कर्मचारीको महंगी भत्ता बापत रु.४,१४,००० गरी जम्मा रु.९,११,२०० महंगी भत्ताबापत खर्च लेखेकोले रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,११,२००

४२ **सेवा प्रदायक संस्था मार्फत कार्य**

गरिबी निवारणका लागी लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ३६ अनुसार कार्यालयले सहजकर्ता मार्फत भैरहेका उद्यमीको लागी व्यवसाय सुधार तालिम र व्यवसायलाई स्तरोन्नती गर्न चाहनेको लागी व्यवसाय विस्तार तथा स्तरोन्नती तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसपछि मात्र एड्भान्स तालिम लिन ईच्छुक उद्यमी छनौट गरी पुनर्ताजगी तथा एड्भान्स तालिम

आफैंले वा सेवा प्रदायक संस्था मार्फत गराउन सक्ने व्यवस्था रहेको छ ।साथै अनुसूची ३ मा प्रविधि हस्तान्तरणका कार्यक्रम सेवा प्रदायक संस्था मार्फत नगरी पालिका आफैंले गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्तरोन्नतीको कार्यक्रमअन्तर्गत दिगो उद्यम तथा सामाजिक विकास केन्द्रलाई व्यवसाय सुधार तथा विस्तार तालिममा रु. १,३१,६१२।- र भैरहेका उद्यमीको लागी प्रविधि हस्तान्तरण कार्यक्रममा रु. ९१,८०१।– गरी जम्मा रु. २,२३,४१३।– खर्च विवरणका आधारमा भुक्तानी दिएको पाईयो ।यसरी नियम विपरीत स्थानीय तह आफैंले वा सहजकर्ता मार्फत गरिने भनि तोकिएको कार्यक्रम सेवा प्रदायक संस्था मार्फत गरेकोले नियम संगत नदेखिएको रु

अनियमित भएको	२,२३,४१३

४३ **भरपाई पेश नभएको**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९६,८०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **९९,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१८९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४ **कर बिजक**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ बमोजिम सार्वजनिक निकायले एक पटकमा २० हजार भन्दा बढी कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताबाट मात्र खरिद गर्नुपर्ने र मूल्य अभिवृद्धि कर ऐनको दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग तोकिएको ढाँचामा कर बिजक लिई खरिद गर्नुपर्ने र करदाताले पनि रीतपूर्वकको कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको सीमा भन्दा बढीको कारोबार गरेको प्यान बिलको आधारमा देहाय बमोजिम भुक्तानी गरेकोले नियमावलीको उल्लिखित व्यवस्था बमोजिम सम्बन्धित बिक्रेताको मूल्य अभिवृद्धि कर बिजकको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं. र मिति	फर्म/आपूर्तकको नाम	भुक्तानी रकम रु	कैफियत
४०७।०८१।०३।१२	तेमाल अनलाईन	१,५०,०००	सूचनामूलक सामाग्री सम्प्रेषण
४९१।०८१।०३।२४	तेमाल अनलाईन	५०,०००	सूचनामूलक सामाग्री सम्प्रेषण
४८३।०८१।०३।२४	खबर पेटिका मेडिया प्रा लि	६०,०००	सन्देश प्रशारण
जम्मा		**२,६०,०००**	

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४१८,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,६०,०००

४५ **सुत्केरीलाई अण्डा वितरण कार्यक्रम**

स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका संघीय अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन आ.व. २०८०।८१ को मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, नि: शुल्क गर्भपतन र नवजात शिशुको नि:शुल्क उपचार कार्यमा उक्त रकम खर्च गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यक्रम बाहेक सुत्केरी प्रोत्साहनअन्तर्गत अण्डा वितरण गरेको भनि निम्नानुसारका गो. भौ. नं. बाट यसै शीर्षकमा रहेर खर्च लेखेकोले नियम विपरीत खर्च लेखेको रकम संघीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो. भौ . नं ./ मिति	भुक्तानी रकम रु
१४२।२०८१।३।६	१२६००
१४३।२०८१।३।६	२३४००
१७३।२०८१।३।१६	२६१००
जम्मा रु	६२१००

प्रमाण पेश नगरेको	६२,१००

४६ **विज्ञापन छुट**

विज्ञापन संकलन प्रकाशन एवं विज्ञापन एजेन्सी निर्देशिका, २०५३ को बुदा नं १०(२) क बमोजिम विज्ञापन प्रकाशन गरे वापत २५ प्रतिशत छुट सुविधा सरकारी कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाको सूचना तथा विज्ञापन प्रकाशन गरेबापत विभिन्न मिडियाको बिल बमोजिम १५ प्रतिशत छुट प्राप्त गरी देहायअनुसार रु.६,०७,७५७ भुक्तानी गरेको छ । नियममा उल्लिखित व्यवस्था बमोजिम २५ प्रतिशतले हुने छुट सुविधा अनुसार मूल्यअभिवृद्धि सहित रु.५,३६,२५६ भुक्तानी हुनपर्नेमा रु.६,०७,७५७ भुक्तानी भएकोले निम्नानुसारले बढी भुक्तानी भएको रु.७१,५०१ सम्बन्धिबाट असुल हुनुपर्ने रु.

भौ नं मिति	मिडियाको नाम	बिल नं	बिल रकम रु	१५% छुट र १३% भ्याट समेत भुक्तानी भएको रु	२५% छुट र १३% भ्याट समेत भुक्तानी हुनुपर्ने रु	बढी भुक्तानी रु
१४।०८०।१०।४	सनमुन मिडिया प्रा लि	२७२ ०३१ ०६३	३१५०००	३०२५५८	२६६९६३	३५५९५
२४१।०८०।१२।२०	एड फोकस मल्टिपल बिजनेस प्रा लि	१४२ १४३ १४४	३१७७५०	३०५१९९	२६९२९३	३५९०६
जम्मा				**६०७७५७**	**५३६२५६**	**७१५०१**

असुल गर्नुपर्ने	७१,५०१

४७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । मेसिन प्रयोग गरी पहिरो पन्छाउने कार्य वडा नं ६ को लागि रु.४,०५,०३१.७० को लागत अनुमान स्वीकृत गरी डिसन निर्माण सेवासँग रु.३,९७,७८०.८० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।०५।०७ मा सम्झौता भएको छ । सम्झौता बमोजिम सम्पन्न भएको कामको परिमाण तथा नापी किताबमा उल्लेख गरिएको परिमाण र सो को आईटम रेट अनुसार रु.३,९७,७८०.८० मात्र भुक्तानी हुनुपर्नेमा रु.४,०९,०३९ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.११,२५८ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	११,२५८

४८ **कट्टि रकम दाखिला नगरेको**

आय कर ऐन, २०५८ तथा नियमावली, २०५९ बमोजिम भुक्तानीमा कट्टि गरिएको अग्रिम ऐन नियममा तोकिएको अवधिभित्र राजस्वको सम्बन्धित शीर्षकमा दाखिला गर्नुपर्नेमा प्रकोप व्यवस्थापन कोष खाता तर्फको कट्टि गरेको तर, दाखिला गर्न बाँकी देखिएकोले सो रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५३,२३९

४९ **बिजूली आधारभुत विद्यालय**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची – ४ मा उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालय भवन निर्माण गर्नको लागि रु.३०,३६,६३८.४५ को लागत अनुमान तयार गरी लागत अनुमानको ८८.५२ प्रतिशत पालिकाले भुक्तानी गर्ने र ११.४८ प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने उल्लेख छ । भवन निर्माणको अन्तिम मूल्याङ्कन रु.३००५५६९.१६ रहेकोमा रु.३४५०३९.३४ जनश्रमदान कट्टी गरी बाँकी रु.२६५९८२५.९४ भुक्तानी गर्नुपर्नेमा गाउँपालिका पूँजीगत शीर्षकबाट भौ नं २६१ मिति २०८१।०२।३० बाट रु.१७२८००० र CGAS तर्फको भौ नं १८ मिति २०८१।०७।०६ बाट रु.१०००००० समेत रु.२७२८००० भुक्तानी गरेको छ । पालिकाले उक्त भवन निर्माण गर्ने उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने भन्दा रु.६८१७८.०६ बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६८,१७८

५० **उपभोक्ता समितिको योगदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि,

२०७८ को बुँदा नं. १७ को अनुसूची – ४ मा उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । म्हनेपा समुहलाई बौद्ध शिक्षा व्यवस्थापन उपभोक्ता समितिबाट शिक्षा व्यवस्थापन सम्बन्धी कार्य गराई विनियोजित बजेट बराबरकै रु.३,००,००० भुक्तानी गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्न गठित उपभोक्ता समितिको न्यूनतम १० प्रतिशत जनश्रमदान रु.३०००० कट्टी रु.२,७०,००० भुक्तानी गर्नुपर्नेमा विनियोजित बजेट नै भुक्तानी गरेको छ । पालिकाले उपभोक्ता समितिको जनश्रमदान कट्टी नगरी भुक्तानी गरेको रु.३०,००० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

५१ **गत वर्षको आयोजना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुदा नं ३(६) मा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा समावेश नभएका आयोजना वा कार्यक्रमलाई बहुवर्षीय ठेक्काको लागि स्रोत सहमति दिन नहुने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा सम्झौता भएका देहायका आयोजनाहरु सम्पन्न नगरी यस आर्थिक वर्षमा मूल्याङ्कन गरी भुक्तानी गरेको छ । बहुवर्षिय स्वीकृत नभएका आयोजनामा यस आर्थिक वर्षमा बजेट विनियोजित गरी भुक्तानी गरेको छ । समयमा ठेक्का व्यवस्थापनको कार्य नगर्दा योजना सम्पन्न नभई बाँकी रहेको देखिन्छ । पालिकाले समयमा ठेक्का व्यवस्थापनको कार्य गरी सालबसाली आयोजनालाई भुक्तानी दिन बाँकी आयोजनामा राख्नु मनासिव देखिएन । तसर्थ पालिकाले समयमा ठेक्का व्यवस्थापन गरी आयोजना सम्झौता गरेको आर्थिक वर्षमा सम्पन्न गराउनुपर्दछ ।

सि. नं	योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता रकम	सम्झौता मिति	यस आर्थिक वर्षमा भुक्तानी
१	टेकनपुर मेच्छे वडा कार्यालय भोज्याङ हुँदै पीउरडाँडा जोड्ने सडक (ठेक्का नं NCB/TRM/kavre/Works/ward(8)10/079/80)	वि.पि.एन. कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	३३६५११५	२०८०।०१।२२	२२७००५२
२	गोठेडाँडा डाँडागाउँ याङवेल खोला तेमाल गाउँपालिका जोड्ने सडक (ठेक्का नं NCB/TRM/kavre/Works/ward(2)4/079/80)		३०८३०१५	२०७९।१०।१७	१९३७६२६
३	त्रिरत्न मैत्री गुम्बा मौरे भञ्ज्याङ्ग अन्तरडाँडा तेमाल गाउँपालिका जोड्ने सडक (ठेक्का नं NCB/TRM/kavre/Works/ward(4)06/079/80)		३४९७५५५	२०७९।१०।०३	३२२७८६२

५२ **बास्कोटा टोल पहिरो व्यवस्थापन**

२०८१।०२ पालिकाले बास्कोटा टोल पोखरीडाँडा पहिरो व्यवस्थापन उपभोक्ता समितिसँग लागत अनुमानमा सम्झौता गर्दा सिमेन्ट मेशिनरी वाल १:६ को १९.६३ घनमिटरको लागि प्रतिघनमिटर रु.९,९१९.९६ का दरले कार्य गर्ने सम्झौता गरेको छ भने कार्य स्वीकार प्रतिवेदनमा लागत अनुमानमा १८.७२ घनमिटरको रु.१०,३७९.८६ र खुद काम भएकोमा १६.०७ घनमिटरको प्रतिघनमिटर रु.११,४७५.३८ का दरले भुक्तानी भएको छ । उक्त आयोजनामा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा खुद भएको कामको परिणाम घटेको र प्रतिघनमिटरमा रु.१,५५५.४२ दर बढाएर भुक्तानी गरेको छ । पालिकाले उपभोक्ता समितिलाई लागत अनुमान भन्दा बढी दरमा भुक्तानी गरेको १६.०७ घनमिटरको प्रतिघनमिटर रु.१,५५५.४२ का दरले रु.२४,९९५.५९ असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,९९५

५३ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले देहायका भवन निर्माण गर्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएको देखिन्छ । उपभोक्ता समितिको स्वामित्वमा नरहने प्रकृतिको भवनमा समेत उपभोक्ता समितिको लागत

साझेदारीमा भवन निर्माण गराएको देखिन्छ । उपभोक्ता समितिबाट गराएका जटिल संरचना निर्माण कार्यका केहि उदाहरणहरु देहाय अनुसार छन् । खरिद नियमावलीमा भएको व्यवस्था भन्दा फरक हुने गरी यस प्रकारका कार्य उपभोक्ता समितिबाट गराउनु नियमसम्मत देखिएन ।

भौ नं मिति	उपभोक्ता समितिको नाम	आयोजना	लागत अनुमान	भुक्तानी रकम
८९।२०८०।११।२३	चेप्टे ढुङ्गा थार्पा छोइलिङ गुम्बा निर्माण अधुरो उपभोक्ता समित	चेप्टे ढुङ्गा छोइलिङ्ग गुम्बा	२३,६५,४०१	२१,१२,०००
१९३।२०८१।०२।०२	वडा नं २ कार्यालय भवन निर्माण उपभोक्ता समिति	वडा नं २ कार्यालय भवन	१३,९३,६३९	१२,३७,१२३
२४५।२०८१।०२।२५	गुरु यारी नेखाङ गुम्बा निर्माण उपभोक्ता समिति	गुरु यारी नेखाङ गुम्बा	१०,७६,६७२	९,६९,०००

५४ आन्तरिक आय तर्फ

५४.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम रहेको छ ।

पालिकाको जम्मा खर्च	आन्तरिक आय	जम्मा खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत
४४५९५०६३२	१०८८९७०३	२.४४

पालिकाको यस वर्षको कुल खर्च रु.४४ करोड ५९ लाख ५० हजार रहेकोमा आन्तरिक आय रु.१ करोड ८ लाख ८९ हजार रहेको छ जुन कुल खर्चको आन्तरिक आय २.४४ प्रतिशत रहेको छ । एकिकृत सम्पत्ति कर, व्यवसाय कर, मनोरञ्जन कर तथा विज्ञापन कर नियमानुसार सङ्कलन गर्ने आन्तरिक प्रणाली तर्जुमा गरी आन्तरिक आयको दायरा विस्तार गर्ने तर्फ जोड दिएको देखिएन । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउन पहल गर्नुपर्दछ ।

५४.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९१००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १०८८९७०३ अर्थात अनुमान भन्दा १९.६६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले तत्परता देखाउनु पर्दछ ।

५५ आय ठेक्का तर्फ

५५.१ बागमती प्रदेश आर्थिक ऐन २०८० को दफा ९ को उपदफा १ मा आर्थिक वर्ष २०८०।८१ मा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर को संकलनमा अनुसूची-५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिने, असुल भएको शुल्क उपदफा ३ बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने, साथै दफा ४ मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तेमाल गाउँपालकाको सुनकोशी क्षेत्रमा पर्ने वडा नं.१ को बोहोरे दोभान देखि वडा नं २ को चुखावेशी हुँदै वडा नं. ९ को भण्डारी वेशीसम्म (ठेक्का नं. NCB/TRM/KAVRE-01/080/81) भित्र आर्थिक वर्षको लागि खानीजन्य ढुंगा, गिट्टी, रोडा, बालुवा लगायत पदार्थको निकासी शुल्क दस्तुर उठाउने कार्यको लागि सौगात कन्स्ट्रक्सन प्रा.लि सँग मूल्य अभिवृद्धि कर सहित रु.१,००,५७,००० मा मिति २०८८।०४।३१ मा ठेक्का सम्झौता भएको छ । पालिकाले सम्झौता बमोजिम कार्य गर्न मिति २०८०।०५।१९ कार्यदिश दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

५५.२ ठेक्का सम्झौतामा भएको व्यवस्था बमोजिम प्रथम किस्ता बापत रु.४०,२२,८०० पालिकाको स्थानीय विभाज्य कोषमा जम्मा भएको रु.६०,३४,२०० बराबरको २०८०।०३।३१ म्याद रहेको बैंक जमानत पश पेश भएको छ । प्रथम किस्ता बापत प्राप्त भएको रकममा

समावेश भएको मूल्य अभिवृद्धि कर रु.४,६२,८०० सम्बन्धित आन्तरिक राजस्व कार्यालयको राजस्व शीर्षक नं ११३१७ मा दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,६२,८००

५५.३ स्थानीय विभाज्य कोषमा जम्मा भएको रु ४०,२२,०००/- मध्ये मूल्य अभिवृद्धि कर बाहेक रु ३५,६०,०००/- को ४० प्रतिशतले हुने रु. १४,२४,०००/- उल्लिखित ऐनको दफा ४ मा भएको व्यवस्था बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले सम्बन्धित सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,२४,०००

५५.४ सम्झौता बमोजिम दोश्रो किस्ताको रकम बुझाउनुपर्ने म्याद २०८० पौष मसान्त सम्म रहेकोमा पालिकाले मिति २०८०।१०।०७ मा प्रथम पटक, मिति २०८०।११।१८ मा दोश्रो पटक र २०८०।१०।२५ मा तेश्रो पटक समेत पटक-पटक किस्ता बुझाउन ताकेता गरी पत्राचार गर्दा समेत रकम प्राप्त भएको देखिएन । सम्झौता बमोजिम तोकिएको अवधिमा किस्ता नबुझाएको अवस्थामा व्यवसायीले उक्त कार्यको लागि राखेको बैंक जमानत रोक्का गरी जफत गरी असुल गर्नुपर्नेमा गरेको देखिएन । असुल हुन बाँकी रहेको रु.६०,३४,२०० रकम बराबरको बैंक जमानत फुकुवा नगरिएको पालिकाको जवाफ रहेको छ । बैंक जमानत जफत गरी मूल्य अभिवृद्धि कर बापतको रकम आन्तरिक राजस्व कार्यालयको सम्बन्धित राजस्व शीर्षकमा राजस्व बाँडफाँड अनुसार ६० प्रतिशतले हुने रकम स्थानीय विभाज्य कोषमा ४० प्रतिशतले हने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	६०,३४,२००

५६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा यस वर्ष २०० थानको रु.१,७७,४१० को खरिद गरेको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १३० थान न्यानो झोला मौज्दातमा रहेको पाईयो । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए देखिन्छ । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५७ **गाउँपालिका शिक्षक अनुदान**

पालिकाले दरबन्दी भित्रका शिक्षकलाई संघीय सशर्त अनुदानबाट तलव भत्ता भुक्तानी दिने व्यवस्था रहेकोमा गा.पा. अनुदानबाट सर्वोद्वार मा.वि. लाई शिक्षक व्यवस्थापन अन्तर्गत रु.३,५०,००० विनियोजन गरी गो. भौ. नं. २२।२०८१।१।३ बाट शिक्षक अनिता तामाङको १० महिनाको तलव तथा पोशाक खर्च बापत विद्यालयलाई निकासा दिएको पाईयो ।साथै जनचेतना मा.वि. तेमाल-१ र नारायणस्थान मा.वि. तेमाल-५ मा १/१ जना बाल विकास सहजकर्ता नियुक्त गरी पालिका अनुदानबाट प्रति व्यक्ति मासिक रु.१६,००० का दरले जम्मा रु.४,१६,००० खर्च लेखेको छ । पालिकाले विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एकिन गरी आवश्यकताका आधारमा मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ ।

५८ **बढी भुक्तानी**

शिक्षा नियमावली ,२०५९ को नियम १०० बमोजिम शिक्षकले आफ्नो पदमा बहाल रहेको मितिदेखि नेपाल सरकारले तोके बमोजिम तलव र भत्ता पाउने व्यवस्था छ ।पालिकाले निम्नानुसारका विद्यालयका शिक्षकहरुको विभिन्न त्रैमासिकको तलव निकासा गर्दा पदमा

बहाल रहेकोभन्दा बढी अवधिको तलव निकासा गरेकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

विद्यालयको नाम	शिक्षकको नाम	तह तथा श्रेणी	नयाँ नियुक्ति/ राजिनामा मिति	बढी भुक्तानी रकम	कैफियत
सेतीदेवी मा. वि . तेमाल ८	बलराम गौतम	मा. वि . तृतीय संघीय अनुदान	२०८०।५।१ देखि नियुक्ति	३७९९०	श्रावण महिनाको तलव समेत भुक्तानी
जनज्योति मा. वि . तेमाल	प्रमिला तामाङ	प्रा. शि . तृतीय करार	२०८०।१२।२४ मा राजिनामा	६५८२	६ दिनको बढी भुक्तानी
जनज्योति मा. वि . तेमाल	पार्वती महत	मा. वि . तृतीय संघीय अनुदान	२०८०।१२।२४ मा राजिनामा	७५९७	६ दिनको बढी भुक्तानी
नारायणस्थान मा. वि . तेमाल ५	कृष्ण प्रसाद मैनाली	प्रा. वि . द्वितीय	२०८१।३।१० मा अनिवार्य अवकास	३३८६२	२० दिनको बढी भुक्तानी
जम्मा रु.				८६०३१	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४७,१६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८६,०३१

५९ **बालविकास सहजकर्ताको पारिश्रमिक**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को प्रथम संशोधन, २०७५ बमोजिम एक विद्यालय वा समुदायमा २५ जना सम्म विद्यार्थीका लागी १ जना बाल विकास सहजकर्ता राख्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत देहायका विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी संख्या रहेको विद्यालयमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु.१०००० का दरले र पालिकाबाट रु.६००० गरी प्रति व्यक्ति जम्मा रु. १६००० दरले मासिक तलव भुक्तानी भएको छ । बालविकास सहजकर्ता नियुक्ति गर्दा कक्षा संख्याको आवश्यकता र मार्गदर्शन पुस्तिकालाई समेत ध्यान दिनुपर्दछ ।

क्र. स .	विद्यालयको नाम	कार्यरत सहजकर्ताको संख्या	बाल विकास कक्षाका विद्यार्थी संख्या	हुनुपर्ने सहजकर्ता संख्या	बढी संख्या
1.	सुनकोशी प्रा. वि . तेमाल २	२	९	१	१
2.	निर्मला प्रा. वि . तेमाल ६	२	६	१	१
3.	पञ्चकन्या मा. वि . तेमाल ६	२	२१	१	१
4.	राधाकृष्ण मा. वि . तेमाल ७	२	२०	१	१
5.	भूमेश्वर आ. वि . तेमाल ७	३	१७	१	२
6.	जनज्योति मा. वि . तेमाल ८	३	३०	२	१
7.	सेतिदेवी मा. वि . तेमाल ८	३	३३	२	१
8.	कुशेश्वर मा. वि . तेमाल ९	३	२२	१	२
9.	मैनाजाङ आ. वि . तेमाल ९	३	१०	१	२
10.	बुद्धकिरण आ. वि . तेमाल ९	२	१६	१	१

६० **बैठक भत्ता सम्बन्धमा**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१ **अनुदान व्यवस्थापन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

भौ नं. र मिति	खर्च शीर्षक	बजेट रु.	कार्यक्रमको विवरण	कैफियत
१३- ०८१।०१।२५	५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण	१६,००,०००	७४ थान ७. ५ एच पि को मिनिटिलर वितरण	५० प्रतिशत लागत साझेदारी
८- ०८०।११।२३	पशुपन्छीको रोग रोकथामका लागि औषधी खरिद	७,००,०००	पशु चौपाया तथा पन्छीहरुमा लाग्ने विभिन्न रोग तथा परजिवी नियन्त्रणका लागि औषधी खरिद गरी वितरण	
२०- ०८१।०३।११ २१- ०८१।०३।१२	बाख्रा प्रवर्द्धन कार्यक्रम	१०,००,०००	विभिन्न ३ सहकारी संस्थालाई अनुदान	५० प्रतिशत लागत साझेदारी
२६- ०८१।०३।०९	कृषि व्यवसाय मार्फत जिविकोपार्जन सुधार कार्यक्रम (तेमाल ३ माझी समुदायको लागि)	१०,००,०००	वडा नं ३ का ४० घर धुरी माझी समुदायलाई भैँसीका २० वटा पाडा र २० वटा पाडी वितरण तथा गोठ मर्मत तथा सुधार कार्यक्रम सञ्चालन	५० प्रतिशत लागत साझेदारीमा चैथली माझी कृषि समूहलाई अनुदान
२३- ०८१।३।२३	विषादीको सुरक्षित प्रयोग सम्बन्धी सचेतना तथा बाली संरक्षण	४,००,०००	कृषि सहकारी कृषक समूह कृषि फार्म र व्यवसायिक कृषकहरुलाई विषादीको सुरक्षित प्रयोग सम्बन्धी १ दिने सचेतना कार्यक्रम	
७१- ०८०।१२।०६	२०७९।८० मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रम	६०००००	यान्त्रीकरण आलु बीउ खरिद विषादी खरिद तालिम र क्षेत्र विस्तार कार्यक्रम सञ्चालन	५० प्रतिशत लागत साझेदारी
१२- ०८०।०६।१६	कृषि बीउ बिजन वितरण वडा नं ३	१,००,०००	वडा नं ३ का कृषकहरुलाई विभिन्न जातका हिउँदे तरकारी बालीको मिनिकिट वितरण	निशुल्क
४५८- ०८१।०३।२१	वडा स्तरीय कृषि कार्यक्रम वडा नं ३	३,००,०००	वडा नं ७ का किसानहरुलाई विभिन्न वर्षे फलफूलका बिरुवा वितरण	निशुल्क

२७२- ०८१। ०१। ०४	कृषि विकास कार्यक्रम वडा नं ८	२,००,०००	वडा नं ८ का किसानहरुलाई विभिन्न वर्षे फलफूलका बिरुवा वितरण	निशुल्क
२७३- ०८१। ०१। ०९	पशु उपचारका लागि औषधी खरिद वडा नं ८	२,००,०००	पशुपन्छीमा लाग्ने विभिन्न रोग नियन्त्रणका लागि वडा नं ८ का किसानलाई औषधी वितरण	निशुल्क
१८८- ०८१। ०२। ०१	पशुपन्छी उपचार तथा औषधी खरिद वडा नं १	७५,०००	पशुपन्छीमा लाग्ने विभिन्न रोग नियन्त्रणका लागि वडा नं १ का किसानलाई औषधी वितरण	निशुल्क
३०१- ०८१। ०१। २८	आकस्मिक बाली संरक्षण वडा नं ५	२,००,०००	खेतबारीमा लाग्ने विभिन्न रोग किरा नियन्त्रणका लागि किटनाशक तथा ढुसीनाशक विषादी वितरण	निशुल्क
३८६- ०८१। ०३। ०७	वडा स्तरीय कृषि कार्यक्रम वडा नं ६	२,००,०००	वडा नं ६ का कृषकहरुलाई विभिन्न जातका हिउँदे तरकारी बालीको मिनिकिट वितरण	निशुल्क
२७५- ०८१। ०१। १०	कृषक समूहलाई बीउ बिजन वितरण वडा नं ९	३,५०,०००	वडा नं ९ का ९ वटा कृषक समूहलाई मकैको बीउ वितरण	५० प्रतिशत अनुदान
जम्मा		६१,२५,०००		

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा १४ वटा कार्यक्रमको लागि रु.६१,२५,००० वितरण गरेको छ । लाभग्राही छनौट गर्दा पारदर्शी र प्रतिस्पर्धात्मक विधि अपनाईएको आश्वस्त हुन र गत विगतमा अनुदान प्राप्त गर्नेहरुको दोहोरोपना नभएको सुनिश्चित गर्न अनुदान वितरणको विवरण वेबसाईटमा सार्वजनिकीकरण गर्ने र गत विगतको अभिलेख अद्यावधिक गरेको हुनुपर्दछ । अनुदान वितरणको अभिलेख राख्नुपर्नेमा राखेको छैन । विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराउन सकिने भिडान गर्न सकिने गरी प्रतिवेदन राखेको छैन । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको एकिन गर्न समेत सूचांक प्राप्त हुने गरी सार्वजनिकीकरण गर्ने र अद्यावधिक अभिलेख तयार गरी अनुगमन प्रतिवेदन तयार हुनुपर्दछ ।

६२ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

६२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको १ महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले

आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै असुल फर्छयौट गराउनुपर्नेमा आंशिक व्यहोरा असुल फछ्यौंट भएको र बाँकी रहेका आन्तरिक लेखापरीक्षणले औल्याईएका सैद्धान्तिक व्यहोराहरु प्रारम्भिक प्रतिवेदनको अन्य दफामा र लगती व्यहोराहरु देहाय अनुसार कायम गरिएका छन् ।

२२।०८०।०७।२३ वडा नं ८ को सडक सरसफाई कार्य अन्तर्गत श्री जेमि कन्स्ट्रक्सन सप्लायर्स प्रा लिसँग रु ३६२८५४ रुपैँयामा कार्य सम्झौता गरिएकोमा कार्यालयले भुक्तानी गर्दा रु ३७०४२२ भुक्तानी गरेको हुँदा सम्झौता भन्दा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७,५६८

६२.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **९९,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२.४ २०३।०८१।०२।०९ वडा नं ४ को साङ्गेला जे व्यवस्थापन कार्यको लागि प्राविधिक बिल स्टेटमेन्ट अनुसार फाईनल कार्य बापत रु १८८७१०। भुक्तानी गर्नुपर्नेमा कार्यालयले पझ्मा समाव थाङ्का हस्तकला उद्योगलाई रु १९६७१०। भुक्तानी गरेको हुँदा कार्यसम्पन्न बिल भन्दा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८,०००

६२.५ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१८६,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३

६३.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१८८,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३.३ ७१।०८०।१२।०६ आ व २०७९।८० मा स्थापना भएको तरकारी आलुबाली पकेट कार्यक्रम निरन्तरता अन्तर्गत फूलबारी तरकारी बिउ उत्पादन सहकारी संस्थासँग सम्झौता गरी कार्य सम्पन्न भएकोमा भुक्तानीको क्रममा अग्रिम आय बापत रु १८००० कर कट्टि गर्नुपर्नेमा रु ९००० मात्र कर कट्टि गरी रकम भुक्तानी गरिएकोमा बाँकी रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक , तेमाल गाउँपालिका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Pawan Kumar Pyakurel	२०८०-९-११	२०८१-८-१३
कार्यालय प्रमुख	केदार प्रसाद ढकाल	२०७८-५-११	२०८०-६-२३
कार्यालय प्रमुख	योगेन्द्र राज गुरुङ्ग	२०८१-८-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुर्य प्रसाद त्रिपाठी	२०७८-८-५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६५७,५३४	१,१३४,६१३	१६,१८१,७२७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,९७३,८७४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	३,८४३,१८६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१४,१३०,६८८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४२६३०८१८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३१६३३९०००	चालु खर्च	२९८३५१४९३
प्रदेश सरकारबाट अनुदान	६५८१३०००	पूँजीगत खर्च	१४४०२९१४०
राजश्व बाँडफाँट	९१४५४३१९	वित्तीय/अन्य व्यवस्था	१८८९३९५०६
आन्तरिक आय	१०८८९७०३		
अन्य आय	१४५३३८०३७		
कुल आय	६२९८३४०५९	कुल खर्च	६३१३२०१३९
बाँकी मौज्दात		४११४४७३८	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।